# श्रमिक बालबालिकाको शिक्षामा पहुँच

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन

विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको

आंशिक आवश्यकता परिपूर्तिका

लागि प्रस्तुत

**शोधपत्र**

शोधकर्ता

मुना दुलाल

क्याम्पस रोल नं.- १६९

परीक्षा रोल नं. - २०४००६० (२०६६)

त्रि.वि. दर्ता नं.- ९-२-२०३-१२४-२००२

कन्काई बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा, नेपाल

२०७६

श्रमिक बालबालिकाको शिक्षामा पहुँच

मुना दुलाल

२०७६

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्व विद्यालय, कन्काई बहुमुखी क्याम्पस, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि **श्रमिक बालबालिकाहरूको शिक्षामा पहुँच** शीर्षकमा प्रस्तुत शोधपत्र स्थलगत सर्वेक्षणपछि गहन अध्ययन गरी मैले तयार पारेको हुँ । यसमा उल्लेख गरिएका तथ्य र तथ्यांकहरू प्रामाणिक हुन् । अन्यथा भएमा म कानून अनुसार दण्डित हुन तयार छु ।

मुना दुलाल

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com
च.नं.
प.सं.
मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००६० / २०६६ का छात्रा मुना दुलालले मेरो प्रत्यक्ष निर्देशनमा **श्रमिक बालबालिकाको शिक्षामा पहुँच** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : ३१ जुलाई २०१९

(चन्द्र विनोद कोइराला)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com
च.नं.
प.सं.
मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००६० /२०६६ का छात्रा मुना दुलालले **श्रमिक बालबालिकाको शिक्षामा पहुँच** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| नाम र पद | हस्ताक्षर |
|---|---|
| १. योन्देन सुनुवार<br>विभागीय प्रमुख | .................................... |
| २. चन्द विनोद कोइराला<br>शोध निर्देशक | .................................... |
| ३. उप-प्रा. शेषराज अधिकारी<br>बाह्य परीक्षक | .................................... |

मिति : १५ अगस्ट २०१९

# कृतज्ञता ज्ञापन

यो शोधपत्र पूरा गर्ने काम धेरै जनाको सहयोगबाट मात्र सम्भव भएको हो । यस क्रममा सर्वप्रथम मलाई शोधपत्रका लागि मार्ग निर्देशन प्रदान गर्दै विषयवस्तुको गहिराई सम्म पुगेर अध्ययन गर्न सहयोग पुऱ्याउनु हुने मेरा आदरणीय शोध निर्देशक सहायक प्राध्यापक चन्द्रविनोद कोइरालाप्रति कृतज्ञ छु । उहाँले फोन, इमेलबाट र प्रत्यक्ष भेटघाटमा प्रदान गर्नु भएको निर्देशन र परामर्श मेरो लागि अविस्मरणीय छ र रहिरहनेछ ।

साथै अमुल्य सुझाव र परामर्श दिई यो शोधलाई मूर्त रूप दिन धेरै सहयोग गर्नु हुने कन्काई बहुमुखी क्याम्पस शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रमुख योन्देन सुनुवार सरप्रति धेरै आभारी छु। त्यसैगरी कन्काई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख विकास उप्रेती सरप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस अध्ययनका क्रममा आवश्यक आभारभुत तथ्याङ्क उपलब्ध गर्न सहयोग गर्ने मेरो अध्ययनमा नमूनाका रूपमा छानिएका बालबालिका र तिनका अविभावलाई हार्दिक धन्यवाद दिन चाहन्छु। शोधपत्र छिटो पूरा गर्न घचघच्याई रहने र सहयोग गर्ने मेरो श्रीमान र परिवारप्रति अनुगृहित छु ।

मुना दुलाल

# शोधसार

*प्रश्तुत शोधपत्र **श्रमिक बालबालिकाहरूको शिक्षामा पहुँच** शीर्षकमा फिदिम नगरपालिकामा श्रमिक बालबालिकाहरूको अवस्थाको अध्ययन गरी तयार पारिएको हो। नेपालमा अहिले पनि लगभग ४ प्रतिशत बालबालिका विद्यालय नै भर्ना हुँदैनन् भने २९ प्रतिशत बालबालिका प्राथमिक तहको पढाई पूरा नगर्दै विद्यालयबाट हराइसक्ने कुरा तथ्यांकले देखाएको छ। यसरी शिक्षाको पहुँचबाट बञ्चित बालबालिकाको ठूलो संख्या बाल श्रमिकको रूपमा जोखिमपूर्ण काममा संलग्न हुने गरेको पाइन्छ। यस सन्दर्भमा यो यध्ययनको उद्देश्य फिदिम नगरपालिकामा बाल श्रमिकको अवस्था थाहा पाउनु, बालबालकिाहरूले पढाइलाई निरन्तरता दिन नसकी बालश्रमिकको रूपमा श्रम गर्नुका पछाडिका बाध्यताहरू के छन् पत्ता लगाउनु र बालश्रमको अन्त्य गर्दै शिक्षामा सबै बालबालिकाको पहुँच बढाउन के गर्नुपर्छ सुझाव दिनु रहेको छ।*

*अध्ययनको विषयको प्रकृति हेरी यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ। तथ्यांक तथा सूचनाको स्रोतको रूपमा प्राथमिक र द्धितियक दुवै स्रोतबाट सूचना संकलन गरिएको छ। प्राथमिक तथ्यांक संकलनका साधनहरूमा प्रश्नावलीको प्रयोग गरी अध्ययन क्षेत्रका श्रमिक बालबालिका, बालबालिकालाई श्रममा लगाउने ब्यक्ति र उनीहरूका अविभावक गरी तीन वटा सम्बन्धित समूहसँग अन्तरवार्ता गरी तथ्यांक संकलन गरिएको छ भने परिस्थितिको अवलोकन र अन्य सम्बन्धित ब्यक्तिसँगको अन्तरवार्तालाई पनि अध्ययनको विधिको रूपमा लिएको छ। सम्बन्धित विषयमा भएका सर्वेक्षण तथा अध्ययन प्रतिवेदनहरूलाई सूचनाको द्धितियक स्रोतको रूपमा प्रयोग गरी यो अध्ययन पूरा गरिएको छ।*

*विद्यालय उमेरका बालबालिकाहरूले पढाई छोडेर श्रम गर्नु पर्ने बाध्यताका पछाडि मूलत पारिवारिक पृष्ठभूमि, परिवारको आर्थिक सामाजिक अवस्था, पारिवारिक वातावरण, अविभावकको शैक्षिक अवस्था र चेतनाको स्तर प्रमुख कारणको रूपमा रहेको पाइयो। यसमा बालबालिका र बालअधिकारका सवालमा संवेदनशील हुन नसकेको हाम्रो आर्थिक सामाजिक संरचना र प्रचलन पनि उत्तिकै जिम्मेवार रहेको देखियो। मुलतः शैक्षिक पहुँचलाई विशुद्ध शिक्षाको क्षेत्रबाट र बालश्रमलाई बालअधिकार र बालसंरक्षणको कोणबाट*

*मात्र हेरेर कार्यक्रमहरू संचालन हुँदा राज्य र गैर सरकारी दुवै तर्फबाट बालश्रमको अन्त्यका लागि गरिएका प्रयासहरू प्रभावकारी हुन नसकेको देखियो। बालश्रम एक बहुआयामिक र जटिल सामाजिक समस्या भएकोले यसको निवारणको उपाय पनि एकिकृत नीति र कार्यक्रमबाट मात्र सम्भव हुने देखिन्छ। बालबालिकाले श्रमिकको रूपमा काम गर्नुपर्ने बाध्यताका पछाडिका कारणहरूको सम्बोधन गर्न सके मात्र बालश्रमको अन्त्य हुन सक्छ। यसका लागि बाल संरक्षण, बाल अधिकार र शिक्षाको क्षेत्रमा काम गर्ने निकायहरू र सरोकारवालाहरूले एकिकृत कार्यक्रम बनाएर अघि बढ्न आवश्यक छ भने अहिलेको सन्दर्भमा बाल श्रमको अन्त्य गरी सबै बालबालिकाको शिक्षामा पहुँच बढाउन परिवार र समुदाय केन्द्रीत कार्यक्रम र स्थानीय सरकारको पहल सबभन्दा महत्वपूर्ण हुने देखिन्छ।*

# विषय सूची


प्रतिबद्धता पत्र ii

सिफारिश पत्र iii

स्वीकृति पत्र iv

कृतज्ञता ज्ञापन v

शोधसार vi

बिषय सूची vii

## परिच्छेद एक : परिचय

१.१. अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ३

१.४ अध्ययनको उद्देश्य ४

१.५ अनुसन्धान प्रश्नहरू ४

१.६ अध्ययनको परिसीमा ५

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ६

२.२ सैद्धान्तिक ढाँचा १६

२.३ अध्ययनको पुनरावलोकनको उपादेयता १७

## परिच्छेद तीन : अध्ययन विधि

३.१ अनुसन्धान ढाँचा १९

३.२ अध्ययनको क्षेत्र र जनसंख्या २०

३.२.१ नमूना छनोट विधि २०

३.२.२ नमूना छनोटका आधार २१

३.३ तथ्याङ्क संकलनका साधन र विधि २१

३.३.१ प्रश्नावली २१

३.३.२ अन्तरवार्ता २२
३.३.३ अवलोकन २२
३.४ तथ्याङ्कको स्रोत २३
३.४.१ प्राथमिक स्रोत २३
३.४.२ द्धितिय स्रोत २३
३.५ तथ्याङ्क संकलन प्रकृया २३
३.६ तथ्याङ्क विश्लेषण विधि २४

## परिच्छेद चार : नतिजाको विश्लेषण

४.१ श्रमिक बालबालिकाको पारिवारिक र शैक्षिक अवस्था २५
४.२ श्रमिक बालबालिकाले गर्ने काम र काम गर्ने स्थान २७
४.३ बालश्रम सृजना हुने कारणहरू ३०
४.३.१ बालश्रम सृजना हुने आर्थिक कारण ३०
४.३.२ बालश्रम सृजना हुने सामाजिक कारण ३२
४.३.३ बालश्रम सृजना हुने पारिवारिक कारण ३४
४.४ श्रमिक बालबालिका र शिक्षामा पहुँच ३५

## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

५.१ अध्ययनको निष्कर्ष ३७
५.२ श्रमिक बालबालिकाको शिक्षामा पहुँच बढाउनका लागि सुझावहरू ३९
५.२.१ नीतिगत तह ४०
५.२.२ अभ्यास तह ४०
५.२.३ अनुसन्धान तह ४२
*सन्दर्भ सामग्री* *i*
*अनुसूचीहरू* *ii*